| | |
|---|---|
| | बायाँ शंख, चक्र, गदा, पद्म माथि चन्द्र र सूर्य बीचमा माथि "श्री श्री" र तल "२०३९" अंकित। |
| अर्कोपट्टि:– | घेरामा चौसट्ठी थोप्लाहरू भित्र वरिपरि माथिबाट "सगरमाथा आरोहण २०१०–४०" तलबाट "Ascent of Mt. Everest 1953–83" बीचमा "श्री भवानी" को बीचमा खड्ग मुनि पहाड "दश रूपैयाँ Rs. 10" "नेपाल" अंकित। |
| तौलः– | २५ ग्राम |
| व्यासः– | ४० मी.मी. |
| धातुः– | क्युप्रोनिकल |
| घेराः– | धर्सा राख्ने। |

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् र सो परिषद्ले सिफारिश गरेको सो परिषद् अन्तरगतका समन्वय समितिहरू, संघ संस्था र क्लवहरूलाई विभिन्न मुलुकहरूबाट उपहार वा चन्दास्वरूप सहायतार्थ प्राप्त हुने निम्नलिखित मालवस्तु-हरूमा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिएको छ।

(१) औषधि र डाक्टरी औजार तथा सरसामानहरू।
(२) खाद्य पदार्थ र लुगाफाटाहरू।
(३) एम्बुलेन्स, सवारी, मोटर-साइकल र प्रचार भ्यानहरू।
(४) अफिसमा प्रयोग हुने सरसामानहरू।
(५) संस्थासम्बन्धी प्रचारमा प्रयोग हुने पुस्तिका, टेपरेकर्ड, प्रोजेक्टर र माइकहरू।
(६) शैक्षिक विषयका पुस्तक, पुस्तिका र प्रयोगशालाका सामानहरू।
(७) अपाङ्गहरूले प्रयोग गर्ने साधन र कृत्रिम अङ्गहरू।
(८) निर्माणसम्बन्धी सामानहरू।
(९) कृषिसम्बन्धी सामानहरू।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।